आज मिति २०८१ साल चैत्र ८ गतेका दिन त्रिपुरासुन्दरी गाउँ कार्यपालिकाको आ.व. २०८१।०८२ को सातौं बैठक अध्यक्ष श्री भक्त ध्वज बोहराको अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयवस्तुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| क्र.स | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भक्तध्वज बोहरा | |
| २ | उपाध्यक्ष | श्री गिता कुमारी नेपाल | |
| ३ | वडा अध्यक्ष | श्री सिताराम थापा | |
| ४ | वडा अध्यक्ष | श्री रमेश राउत | |
| ५ | वडा अध्यक्ष | श्री शिव कुमार कार्की | |
| ६ | वडा अध्यक्ष | श्री टेक बहादुर गुभाजु | |
| ७ | वडा अध्यक्ष | श्री यादप श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष | श्री रमेश बोहरा | |
| ९ | कार्यपालिका सदस्य | श्री विकास पहरी | |
| १० | कार्यपालिका सदस्य | श्री किरण थामी | |
| ११ | कार्यपालिका सदस्य | श्री स्वस्थानी गुरुङ | |
| १२ | कार्यपालिका सदस्य | श्री ज्ञानी थामी | |
| १३ | कार्यपालिका सदस्य | श्री रमिता वि.क. | |
| १४ | कार्यपालिका सदस्य | श्री देवकी दमाई ( नेपाली ) | |
| १५ | प्र.प्र.अ. (सदस्य सचिव) | श्री सुनिल नेपाली | |

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: बागमती प्रदेश सरकार मार्फत संचालन हुने समपुरक तथा विशेष अनुदानमा आयोजना छनौट सम्बन्धमा ।

प्रस्ताव नं. २: बजेट माग सम्बन्धमा ।

प्रस्ताव नं. ३ : आर्थिक सहायता सम्बन्धमा ।

प्रस्ताव नं. ४ : विविध ।

**निर्णयहरु:**

**निर्णय नं. १:** त्रिपुरासुन्दरी गाउँपालिकाबाट आ.व. २०८२।०८३ मा कार्यान्वयन गर्ने गरी बागमती प्रदेश सरकारको समपुरक तथा विशेष अनुदानका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेश र प्रदेश नीति तथा योजना आयोगमा देहाय बमोजिमका योजनाहरु छनौट गरी उक्त योजनाहरु सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल

क) बागमती प्रदेश सरकारको समपुरक अनुदानका लागि सिफारिस गरिएका योजनाहरु

| क्र.सं. | योजनाको विवरण | कुल लागत |
|---|---|---|
| १ | टुङ्गाथली – घोर्थली मोटरबाटो ढलान त्रिपुरासुन्दरी गाउँपालिका-१ | १ करोड ५० लाख |
| २ | टेकानपुर मोटरबाटो ढलान त्रिपुरासुन्दरी गाउँपालिका-६ | १ करोड ५० लाख |
| ३ | पिस्कर मोटरबाटो ढलान त्रिपुरासुन्दरी गाउँपालिका-४ | १ करोड ५० लाख |

ख) बागमती प्रदेश सरकारको विशेष अनुदानका लागि सिफारिस गरिएका योजनाहरु

| क्र.सं. | योजनाको विवरण | कुल लागत |
|---|---|---|
| १ | थामी महिला उत्थान कार्यक्रम (क्रमागत) | ५० लाख |
| २ | शिक्षा विशेष कार्यक्रम | ५० लाख |
| ३ | स्वास्थ्य विशेष कार्यक्रम | ५० लाख |

**निर्णय नं. २:** त्रिपुरासुन्दरी गाउँपालिका वडा नं २ मा गुरुङ महिला सामुदायिक भवन निर्माण गर्न आवश्यक बजेट व्यवस्थापनको लागि तामाकोशी-काठमाडौं २२०/४०० के.भी. प्रसारण लाईन आयोजना, काठमाडौंलाई माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ )** यस गाउँपालिकामा अन्तर्गत विभिन्न समयमा घटेका प्राकृतिक तथा गैरप्राकृतिक विपद्जन्य घटनाको जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्नका लागि राहत प्राप्तीका लागि आवश्यक कागजात सहित रितपूर्वक प्राप्त निवेदन, वडा कार्यालयको सिफारिस तथा अन्य प्रमाणिकरणका कागजातहरुका आधारमा निजहरुको घटनाको प्रकृती तथा अवस्थाका आधारमा राहत प्रदान गर्न बसेको स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार **त्रिपुरासुन्दरी गाउँपालिका विपद् व्यवस्थापन कोष (संचालन) कार्यविधि, २०७५** को दफा ७(३) बमोजिम तपसिल बमोजिमका लाभग्राहीहरुका लागि उल्लेखित रकम **विपद् व्यवस्थापन कोष** मार्फत भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।